# प्रतिनिधि खटाउने सम्बन्धमा सूचना

सूचना प्रविधि विभागले विभिन्न एकीकृत सफ्टवेयर प्रणालीहरु (GIOMS, GIWMS, Nagarik App, SMS Gateway, E-attendance, Centralized Email लगायतका) सञ्चालनमा ल्याएकोमा उक्त प्रणालीहरुको सुसञ्चालन तथा सुधार साथै वर्तमान सरकारको प्राथमिकतामा रहेको विद्युतीय सुशासनको लागि गर्नुपर्ने Nepal Digital Transformation Project लगायतका काममा विभागमा रहेका जनशक्ति केन्द्रित हुनु पर्ने अवस्था रहेको छ। यस अवस्थामा अन्य सार्वजनिक निकायहरुबाट सफ्टवेयर हार्डवेयर लगायतका सूचना प्रविधि सम्बन्धी वस्तु तथा सेवा खरिदका लागि यस विभागबाट प्राविधिक प्रतिनिधि माग गर्ने गरेकोमा त्यसरी प्रतिनिधि पठाउँदा विभागको कार्य सम्पादनमा प्रतिकुल असर परिरहेकोले यस विभागबाट अन्य निकायको खरिद सम्बन्धी कार्य गर्न प्रतिनिधि नखटाउने भनी मिति २०८३/०३/११ को (महानिर्देशकस्तरीय निर्णय) भएको हुँदा सो को जानकारी सम्बन्धित सबैलाई गर्न यो सूचना प्रकाशन गरिएको छ।